# मेलुङ राजपत्र

मेलुङ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७) भेड्पु, दोलखा, बागमती प्रदेश, नेपाल, माघ १९ गते, २०८० (सङ्ख्या २३**


## भाग -२

### मेलुङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मेलुङ गाउँपालिकाले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस नियमावलीको नाम "मेलुङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०" रहेको छ।

(२) यो नियम मेलुङ गाउँकार्यपालिकाबाट स्वीकृत मिति दखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा;

(क) "एक तह माथिको अधिकारी" भन्नाले "वडा सचिव" र "शाखा प्रमुख" को हकमा प्रमुख प्रशासकीय अधिकृत, "प्रमुख प्रशासकीय अधिकृत" को हकमा अध्यक्ष, गाउँपालिका "अध्यक्ष" को हकमा मेलुङ गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले मेलुङ गाउँपालिका सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले मेलुङ गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले मेलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "शाखा प्रमुख" भन्नाले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको कुनै शाखामा शाखा प्रमुखको ओहोदामा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

(ज) "वडा सचिव" भन्नाले मेलुङ गाउँपालिकाको सबै वडा कार्यालयहरुमा प्रशासकीय कामकाज गर्न वडा सचिवको जिम्मेवारी तोकिएको कर्मचारीलाई जनाउँछ।

३. **लागत अनुमानको स्वीकृति** :

(१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) बीस करोड रुपैयाँसम्मको लागत अनुमान अध्यक्षबाट,

(ग) बीस करोड रुपैंयाभन्दा बढी लागत अनुमान कार्यपालिकाबाट।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) एक करोड रुपैयाँसम्मको लागत अनुमान अध्यक्षबाट,

(ग) एक करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान कार्यपालिकाबाट।

४. **बोलपत्र तथा प्रस्ताव सम्बन्धी कागजात स्वीकृत गर्नु पर्ने** : बोलपत्र आह्वान सम्बन्धी कागजात तथा प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भए पछि त्यस्तो कागजात बोलपत्र वा प्रस्ताव आह्वान अगावै नियम ३ बमोजिम लागत अनुमान स्वीकृत गर्ने अधिकारीले स्वीकृत गर्नु पर्नेछ।

५. **प्रस्ताव मूल्याङ्कन सम्बन्धी व्यवस्था** :

(१) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकका नाममा यस गाउँपालिकाको अभिलेखमा बेरुजु भए नभएको सम्बन्धमा यकिन गरि मूल्याङ्कन समितिमा पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्याङ्कन समितिबाट लेखी आएमा सम्बन्धित शाखाले आफ्नो राय सहितको प्रस्ताव तयार गरी मूल्याङ्कन समितिसमक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम राय सहितको प्रस्ताव प्राप्त हुन आएमा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न सक्नेछ।

६. **बोलपत्र स्वीकृत गर्ने अधिकारी** :

(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) पाँच करोड रुपैयाँसम्मको बोलपत्र प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) बीस करोड रुपैयाँसम्मको बोलपत्र अध्यक्षबाट,

(ग) बीस करोड रुपैयाँभन्दा बढीको बोलपत्र कार्यपालिकाबाट।

७. **परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी** : देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) एक करोड रुपैयाँसम्मको प्रस्ताव अध्यक्षबाट

(ग) एक करोड भन्दा बढीको प्रस्ताव कार्यपालिकाबाट

८.	**<u>भेरिएसन आदेश</u>** : खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क)	दश प्रतिशतसम्मको भेरिएसन अध्यक्षले,

(ख)	दश प्रतिशत भन्दा बढीको भेरिएसन कार्यपालिकाले।

१०.	**अधिकार प्रत्यायोजन** :  कार्यपालिकाले यस नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आफू मुनीको कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

११.	**यसै नियम बमोजिम हुने** : यस नियमावलीमा उल्लेख गरीएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१२.	**बाधा अड्काउ फुकाउने अधिकार** : यस नियमावलीको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले सो बाधा अड्काउ फुकाउनको लागि मेलुङ राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

आज्ञाले
सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत